# आकाशवाणी समाचार

प्रमुख समाचार

१) केन्द्रीय गृहमन्त्री अमित शाहले राष्ट्रको जनसाङ्ख्यिकी जोगाउनका लागि हाम्रा सीमाहरूलाई सुरक्षित राख्नु र अवैध आप्रवासनलाई निर्मूल पार्नु अत्यावश्यक रहेको बताउनुभएको छ।

२) सरकारले देशमा पेट्रोल, डिजेल र एलपीजीको पर्याप्त भण्डार रहेको र सबै तेल प्रशोधन केन्द्रहरू पूर्ण क्षमतामा सञ्चालन भइरहेका बताएको छ।

३) NEET पुनः परीक्षाको प्रक्रिया कुनै पनि त्रुटि बिना, उचित र व्यवस्थित रूपमा सञ्चालन गरिने केन्द्रीय शिक्षा मन्त्री धर्मेन्द्र प्रधानको आश्वासन

४) केन्द्रीय पञ्चायती राज राज्यमन्त्री प्रो. एस. पी. सिंह बघेलले सन् २०४७ सम्ममा भारतलाई महाशक्ति र विश्वकै अग्रणी अर्थतन्त्र बनाउने अभियान... त्रिन्मुल स्तरकाका प्रत्येक व्यक्तिलाई सशक्तिकरण गर्नुपर्नेमा जोड ।

## ............ केन्द्रीय गृहमन्त्री अमित शाहले : सीमाहरूलाई सुरक्षित राख्नु

केन्द्रीय गृहमन्त्री अमित शाहले राष्ट्रको जनसाङ्ख्यिकी जोगाउनका लागि हाम्रा सीमाहरूलाई सुरक्षित राख्नु र अवैध आप्रवासनलाई निर्मूल पार्नु अत्यावश्यक रहेको बताउनुभएको छ। गुजरातको भुजमा आज भारत-पाकिस्तान सीमा क्षेत्रमा रणनीतिक रूपमा महत्त्वपूर्ण मानिएका 'जी-७' र 'जी-१३' सीमा चौकी हरूको उद्घाटन गरेपछि उहाँले सुरक्षाकर्मी र जनसमुदायलाई सम्बोधन गर्दै यस्तो बताउनुभएको हो। मन्त्री शाहले केन्द्र सरकारले एउटा अभेद्य र सुरक्षित सुरक्षा प्रणाली स्थापना गर्नका लागि ड्रोन, रडार र आधुनिक तारबार लगायतका अत्याधुनिक प्रविधिहरूको प्रयोग गरिरहेको उल्लेख गर्नुभयो।

गृहमन्त्रीले सीमा व्यवस्थापनमा एउटा ठूलो संरचनात्मक परिवर्तनको घोषणा गर्दै नयाँ 'चतुर्भुज सुरक्षा ग्रिड' लागू गरिएको जानकारी दिनुभयो। परम्परागत सीमा सुरक्षाभन्दा अघि बढेर यस मोडलले सीमा सुरक्षा बलका साथसाथै नागरिक, नागरिक प्रशासन, स्थानीय प्रहरी र सेनालाई समेत सक्रिय रूपमा एकीकृत गर्दै पूर्ण 'क्षेत्रीय सुरक्षा'को अवधारणा अघि सारेको उहाँले थप्नुभयो। श्री शाहले विगत छ दशकदेखि देशको 'सुरक्षाको पहिलो पङ्क्ति'का रूपमा उत्कृष्ट सेवा प्रदान गरेकोमा सीमा सुरक्षा बल (BSF) को प्रशंसा गर्दै मातृभूमिका लागि सर्वोच्च बलिदान दिने दुई हजारभन्दा बढी सुरक्षाकर्मीहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्नुभयो।

## .........शिक्षा मन्त्री धर्मेन्द्र प्रधान: NEET

केन्द्रीय शिक्षा मन्त्री धर्मेन्द्र प्रधानले आज परीक्षाको प्रश्नपत्र बाहिरिएको घटना अत्यन्तै दुर्भाग्यपूर्ण रहेको बताउनुभएको छ, डीडी न्युज सँगको एउटा विशेष अन्तर्वार्तामा, श्री प्रधानले पुनः परीक्षाको प्रक्रिया कुनै पनि त्रुटि बिना, उचित र व्यवस्थित रूपमा सञ्चालन गरिने आश्वासन दिनुभयो। उहाँले यस कार्यलाई सुचारु रूपमा सम्पन्न गर्नका लागि सबैको सहयोगको अपील पनि गर्नुभयो।

परीक्षा प्रक्रियालाई लिएर बढ्दै गएको चिन्ताका बीच मन्त्रीले त्रुटिरहित परीक्षा सञ्चालनका लागि सम्भव भएसम्मका सबै प्रयास भइरहेका बताउभयो । परीक्षा प्रक्रियामा भविष्यमा हुने कुनै पनि किसिमको कमजोरी वा उल्लङ्घनलाई रोक्नका लागि चालिएका ठोस कदमहरूबारे बोल्दै, श्री प्रधानले केन्द्रीय अनुसन्धान ब्युरो (CBI) ले यस मामिलालाई तार्किक निष्कर्षमा पुर्‍याउने र दोषीहरूलाई कडाभन्दा कडा सजाय दिइने कुरा सरकारले सुनिश्चित गरिरहेको बताउनुभयो।

****

## ....... सर्वोच्च अदालत: नीट प्रश्नपत्र बाहिरिएको मामिला

सर्वोच्च अदालतले आज नीट प्रश्नपत्र बाहिरिएको मामिलामा देखापरेका कमजोरीहरूको जवाफदेहिता तय हुनुपर्नेमा जोड दिएको छ। न्यायाधीश पी. एस. नरसिम्हा र आलोक अराधे सम्मिलित इजलासले यस मामिलामा परेका विभिन्न निवेदनहरूको सुनुवाइ गरिरहेको थियो। ती निवेदनहरूमध्ये एउटा निवेदनमा चिकित्सा क्षेत्रको प्रवेश परीक्षा सञ्चालन गर्नका लागि राष्ट्रिय परीक्षा एजेन्सी (NTA) लाई प्रतिस्थापन गरी वा यसको पुनर्संरचना गरेर एक बलियो र स्वायत्त निकाय गठन गर्न निर्देशन दिन माग गरिएको थियो। इजलासले केन्द्र सरकारलाई यस सम्बन्धमा शपथपत्र दर्ता गर्न आदेश दिँदै मामिलाको सुनुवाइ जुलाईको दोस्रो हप्ताका लागि तोकेको छ।

## ......... सरकार: देशमा पेट्रोल, डिजेल र एलपीजीको पर्याप्त भण्डार

सरकारले देशमा पेट्रोल, डिजेल र एलपीजीको पर्याप्त भण्डार रहेको र सबै तेल प्रशोधन केन्द्रहरू पूर्ण क्षमतामा सञ्चालन भइरहेका बताएको छ। नयाँ दिल्लीमा आयोजित अन्तर-मन्त्रालय सञ्चारमाध्यम ब्रिफिङलाई सम्बोधन गर्दै पेट्रोलियम तथा प्राकृतिक ग्याँस मन्त्रालयकी सह-सचिव सुजाता शर्माले एलपीजीको उत्पादन करिब ९२ हजार मेट्रिक टन भइरहेको जानकारी दिनुभयो। उहाँले कुनै पनि एलपीजी वितरककहाँ ग्याँसको अभाव भएको रिपोर्ट नआएको समेत स्पष्ट पार्नुभयो। खुद्रा बिक्री केन्द्रहरू (रिटेल आउटलेट) का बारेमा बोल्दै १५० वटा जिल्लामा पेट्रोलमा ३० प्रतिशत र १५६ वटा जिल्लामा डिजेलमा ३० प्रतिशतभन्दा बढीको वृद्धि रेकर्ड गरिएको उहाँले बताउनुभयो। सुश्री शर्माले सरकारले यस स्थितिको निरन्तर समीक्षा गरिरहेको उल्लेख गर्नुभयो।

## .......... पञ्चायती राज राज्यमन्त्री: 'सेवा से समृद्धि'

केन्द्रीय पञ्चायती राज राज्यमन्त्री प्रो. एस. पी. सिंह बघेलले आज भन्नुभएको छ कि सन् २०४७ सम्ममा भारतलाई महाशक्ति र विश्वकै अग्रणी अर्थतन्त्र बनाउने अभियान, त्रिन्मुल स्तरकाका प्रत्येक व्यक्तिलाई सशक्तिकरण नगरी हासिल गर्न सकिँदैन। पञ्चायती राज मन्त्रालयद्वारा आज गुवाहाटीमा आयोजित सेवा प्रवाह सम्बन्धी क्षेत्रीय कार्यशाला– 'सेवा से समृद्धि' को उद्घाटन सत्रलाई सम्बोधन गर्दै मन्त्रीले गाउँ तहका नागरिकलाई सशक्त बनाउनु नै राज्य र राष्ट्र दुवैलाई सशक्त बनाउने पूर्वशर्त भएको कुरामा जोड दिनुभयो। उहाँले ग्रामीण भारतमा अन्तिम व्यक्तिसम्म सार्वजनिक सेवा प्रवाहमा सुधार ल्याउन र जीवनयापनलाई सहज बनाउनका लागि पञ्चायतको नेतृत्वमा रहेका संयन्त्रहरूलाई थप सुदृढ बनाउन आह्वान गर्नुभयो। साझा सेवा केन्द्र (CSC) को भूमिकामाथि प्रकाश पार्दै, जनताको घरदैलोमा शासन पुऱ्याउन यस्ता केन्द्रले महत्त्वपूर्ण भूमिका खेलेको बताउनुभयो। कार्यशालामा असम सहित – आन्ध्र प्रदेश, मध्य प्रदेश, ओडिशा, पञ्जाब, राजस्थान र तेलङ्गानाका सहभागीहरूले भाग लिएका थिए। यस अवसरमा, सहभागी राज्यहरूबाट उत्कृष्ट प्रदर्शन गर्ने ग्राम पञ्चायतहरू र उत्कृष्ट कार्य निष्पादन गर्ने साझा सेवा केन्द्र (CSC) हरूलाई सम्मानित गरिएको थियो। उद्घाटन सत्रमा असम सरकार का मन्त्री रामेश्वर तेलीको पनि उपस्थिति रहेको थियो।

## ..........सर्वोच्च अदालत: उच्च अदालतहरूलाई निर्देशन

सर्वोच्च अदालतले आज देशभरका सबै उच्च अदालतहरूलाई फैसला सुरक्षित राखेको तीन महिनाभित्र फैसला सुनाउन निर्देशन दिएको छ। सर्वोच्च अदालतले फैसला सुनाउन ढिलाइ हुँदा मुद्दाका पक्षहरूलाई अपूरणीय क्षति पुग्न सक्ने कुरालाई समेत औंल्याएको छ।

प्रधानन्यायाधीश सूर्यकान्त र न्यायधीश जोयमाल्य बाग्ची सम्मिलित इजलासले व्यक्तिगत स्वतन्त्रताका मामिलाहरूमा द्रुत निर्णय आवश्यक रहेको कुरामा जोड दिँदै, जमानतका आवेदनहरूमा सोही दिन फैसला सुनाउनुपर्ने र यदि फैसला सुरक्षित राखिएको खण्डमा भोलिपल्टै त्यसलाई सुनाएर सम्बन्धित वेबसाइटमा अपलोड गरिसक्नुपर्ने बताएको छ।

## ....... मेघालयको राज्यसभा सीट: मतदान

मेघालयको राज्यसभा सीटका लागि हुने द्विवार्षिक निर्वाचन आगामी जुन १८ तारिखमा सञ्चालन हुने भएको छ। मुख्य निर्वाचन अधिकारी डा. बी.डी.आर. तिवारीले आज राज्यमा राज्यसभाको द्विवार्षिक निर्वाचन सञ्चालन गर्ने सम्बन्धमा यो घोषणा गर्नुभएको हो। वर्तमान राज्यसभा सांसदको कार्यकाल आगामी महिनाको २१ तारिखमा समाप्त हुन गइरहेको छ।

१८ जुनको दिन  मतदान, पछि साँझ ५ बजे पश्चात परिणाम घोषणा गरिनेछ।

आइ पी एल क्रिकेट अन्तर्गत, अहिले  साँझ ७:३० बजे देखि  मुल्लानपुरको महाराजा यादविन्द्र सिंह स्टेडियममा गुजरात टाइटन्स  र राजस्थान रोयल्स बीच फाइनलमा  प्रवेशका लागि रोमान्चक प्रतिस्पर्धा भइ रहेको छ ।

अन्तमा प्रमुख समाचार पुनः एक पटक

१) केन्द्रीय गृहमन्त्री अमित शाहले राष्ट्रको जनसाङ्ख्यकी  जोगाउनका लागि हाम्रा  सीमाहरूलाई सुरक्षित राख्नु र अवैध आप्रवासनलाई निर्मूल पार्नु अत्यावश्यक रहेको बताउनुभएको छ।

२) सरकारले देशमा पेट्रोल, डिजेल र एलपीजीको पर्याप्त भण्डार रहेको र सबै तेल प्रशोधन केन्द्रहरू पूर्ण क्षमतामा सञ्चालन भइरहेका बताएको छ।

३) NEET  पुनः परीक्षाको प्रक्रिया कुनै पनि त्रुटि बिना, उचित र व्यवस्थित रूपमा सञ्चालन गरिने केन्द्रीय शिक्षा मन्त्री धर्मेन्द्र प्रधानको आश्वासन

४)  केन्द्रीय पञ्चायती राज राज्यमन्त्री प्रो. एस. पी. सिंह बघेलले  सन् २०४७ सम्ममा भारतलाई महाशक्ति र विश्वकै अग्रणी अर्थतन्त्र बनाउने अभियान... त्रिन्मुल स्तरकाका प्रत्येक व्यक्तिलाई सशक्तिकरण गर्नुपर्नेमा जोड ।